नेपाल धितोपत्र बोर्ड बाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सञ्चालनमा ल्याएको अनलाईन कारोबार प्रणालीमा तत्काल पहुँच प्राप्त गर्नुपर्ने माग राख्दै आज मिति २०७५/०८/१० गते नेप्से परिसरमा भेला भएका आम लगानीकर्तासँग भएको छलफलबाट निस्केको निष्कर्षलाई सार्वजनिक गर्ने उद्देश्यले यो विज्ञप्ति जारी गरिएको छ ।

नव स्थापित नेप्से अनलाईन कारोबार प्रणालीको सहज सञ्चालनलाई दृष्टिगत गर्दै चरणवद्ध रुपमा आम लगानीकर्तामाझ पुग्ने हाम्रो योजना रहेको विषयलाई बंग्याएर अन्यथा प्रचारप्रसार भइरहेको तथ्यतर्फ नेप्से सरोकारवाला सबैको ध्यानाकर्षण गराउन चाहन्छ । दोस्रो बजार कारोबार लाखौं लगानीकर्ताको सम्पत्ति व्यवस्थापन गर्ने संवेदनशील विषय भएकोले नेप्से सावधानीपूर्वक अगाडि बढीरहेको छ । अनलाइन कारोबार प्रणालीमा आम लगानीकर्तालाई पहुँच दिने सन्दर्भमा सोही संवेदनशीलतालाई ध्यानमा राखी देहाय बमोजिम कार्यतालिका बनाई सार्वजनिक गरेका छौं ।

**कार्यतालिका:**

- मिति २०७५/०८/१६ गते अनलाईन कारोबार प्रणालीमा कारोबार गर्ने तरिका सिक्नका लागि लगानीकर्तालाई Username र Passsword उपलब्ध गराउने ।
- लगानीकर्ताबाट प्राप्त हुने उचित सुझावहरु लाई समेत Trade Management System मा incorporate गरी मिति २०७५/०८/२३ गते देखि कारोबारका लागि धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ अनुरुप सदस्य दलालसँग सम्झौता गरेका ग्राहकलाई Username र Passsword उपलब्ध गराउने कार्यको थालनी गर्ने ।
- मिति २०७५/०९/१७ गते देखि कारोवारका लागि धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ अनुरुप सदस्य दलालसँग सम्झौता गरेका ग्राहकलाई Username र Passsword उपलब्ध गराउने कार्यलाई निरन्तरता दिँदै सम्पूर्ण प्रयोगकर्तालाई नेप्सेको अनलाईन कारोबार प्रणाली खुला गर्ने ।

उपरोक्तानुसारको कार्यतालिकामा सरोकारवाला सबै पक्षबाट जिम्मेवार ढंगले भूमिका निर्वाह हुनेछ र अनलाईन कारोबार प्रणाली कार्यान्वयनमा थप सहजता आउनेछ भन्ने अपेक्षा नेप्सेले गरेको छ । यस सन्दर्भमा भइरहेको गलत प्रचारप्रसारतर्फ सजग भई कारोबार गर्न/गराउन हुन नेप्से सबैमा अनुरोध गर्दछ ।

मिति : २०७५/०८/१०

मुराहरि पराजुली

प्रवक्ता